# मानव अधिकार स्थितिसूचक



वर्ष ७, अङ्क १
२०७५ मङ्सिर

प्रदेश २


## मानव अधिकार अवस्था विश्लेषण

मानव अधिकारको अवस्थाबारे जानकारी दिने उद्धेश्यले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रदेश २ कार्यालय अन्तर्गत रहेका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा सन् २०१८ मा सङ्कलन गरिएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अध्ययन तथा विश्लेषण यस प्रतिवेदनमा समेटिएको छ।

प्रत्येक जिल्लामा रहेका हाम्रा जिल्ला प्रतिनिधिहरूले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू सङ्कलन गरी पठाउँछन् । सोही घटनाको आधारमा यो प्रतिवेदन तयार पारिएको हो। नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू मध्ये ६ ठूला महासन्धिमा आधारित भई सङ्कलन गरिएका सूचनाका आधरमा शीर्षक विभाजन गरी मानव अधिकार अवस्थाको विश्लेषण गरिएको छ।

जिल्लमा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका बारेमा सरोकारवाला निकायहरूसँग छलफल गरी यसप्रति जबाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने, मानव अधिकारसम्बन्धमा जनचेतना फैलाउने र मानव अधिकारको अवस्थामा सुधार ल्याउनका लागि सहयोग पुऱ्याउने उद्धेश्यले यस प्रकारका प्रतिवेदन प्रकाशन गरिँदै आएको छ।

सन् २०१८ जनवरीदेखि हालसम्मको अवधिमा ५ सय १८ घटनामा ५ सय ४१ जना पीडित भएका घटना इन्सेक प्रदेश कार्यालयले अभिलेख गरेको छ। जसमा राज्यपक्षबाट ५ जना महिलासहित १२ जना पीडित भए। त्यस्तै गैरराज्यपक्षबाट ४ सय ७० जना महिलासहित ५ सय

२९ जना पीडित भए। जसमा ३२ महिलासहित ५४ जनाको हत्या भएको तथ्याङ्क इन्सेक प्रदेश कार्यालयमा अभिलेख छ।

यस वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ६१ जना पीडित भएको घटना इन्सेकमा अभिलेख छ । जसमध्ये बलात्कारका घटनामा ४५, बलात्कार प्रयासका घटनामा ३६, बेचबिखनका घटनामा ६, बहुविवाहका घटनामा ५१, कथित बोक्सीको आरोपसम्बन्धी घटनामा १९ र घरेलु हिंसाका घटनामा १ सय ४ जना पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो । परिवारजनबाटै यो अवधिमा १५ जना महिलाको हत्या भयो।

यस अवधिमा बाल अधिकार उल्लङ्घनका घटनामा १ सय ६० जना बालिका पीडित भए। जसमध्ये बलात्कार घटनामा १ सय १६, यौन दुर्व्यवहार घटनामा ३१, बालिका बेचबिखन घटनामा ५ र बालविवाह घटनामा ८ जना पीडित भएको तथ्याङ्क इन्सेकमा अभिलेख छ। यो अवधिमा धनुषामा १० वर्षीया एक, महोत्तरीमा ८ महिने शिशु एक, सप्तरीमा ११ वर्षीया र ५४ वर्षीया महिला गरी तीन बालिका र एक महिलाको बलात्कारपछि हत्या भयो। आठ महिने दुधे बालिकादेखि ७० वर्ष उमेर समूहका महिला बलात्कार घटनामा पीडित भएको घटना अभिलेख छ। जातीय विभेदका घटनामा यो अवधिमा दुई महिला सहित १० जना पीडित भए।

**राजु पासवान**
संयोजक
प्रदेश २, जनकपुरधाम

घटनाका प्रकारअनुसार पीडित सङ्ख्या (जनवरी २०१८ देखि नोभेम्बर २०१८)



# मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका प्रतिनिधिमूलक घटना

(०७४ पुस १७ तदनुसार जनवरी २०१८ देखि २०७५ मङ्सिर ७ नोभेम्बर २०१८)

## नागरिक तथा राजनीतिक अधिकार

## सम्मानित रूपले बाँच्ने अधिकार

### हत्या

### गैरराज्यपक्षबाट

#### सर्लाही

रामनगर गाउँपालिका-४ बहोअर्वा निवासी ५६ वर्षीय रामविलास महतोको नेकपा र काङ्ग्रेस कार्यकर्ता बिच भएको झडपमा गोली लागी घटना स्थलमै मृत्यु भयो। झडपकै क्रममा गोलीको छर्रा लागी सोही ठाउँका ५५ वर्षीय नारायण महतो, ५२ वर्षीय प्रेमनारायण महतो, ४९ वर्षीय भोजेन्द्र महतो, २८ वर्षीय मुकेशप्रसाद कुश्वाहा, १८ वर्षीय बिबेक कुमार महतो, ४२ वर्षीय महादेव राय, र ३५ वर्षीय प्रमोद सहनी घाइते भए। घाइते उनीहरूको सर्लाही अस्पतालमा उपचार पश्चात थप उपचारका लागि काठमाडौँको वीर अस्पताल लगिएको थियो। झडपअघि र झडपपछि पनि आक्रोशित दुबै तर्फबाट स्थानीयको घरमा तोडफोड समेत भएको थियो।



*नेकपा र काङ्ग्रेस कार्यकर्ता बिच भएको झडपमा गोली लागी घटना स्थलमै मृत्यु भएका रामविलास महतो*

रामनगर गाउँपालिका-४ का वडा अध्यक्ष रामनरेश महतोलाई ०७५ कात्तिक १२ गते वडा कार्यालयमा जाने क्रममा स्थानीय उपेन्द्र रायको नेतृत्वमा रहेको युवाहरूले बाटोमा रोकी कुटपिट गरेको घटनालाई लिएर त्यसको भोलिपल्ट अर्थात ०७५ कात्तिक १३ गते विहान रामनगर गाउँपालिका-४ बहोअर्वामा नेकपा र कांग्रेस कार्यकर्ताबिच झडप भयो। घाइते वडा अध्यक्ष महतोको टाउको र गोडामा चोट लागेका थियो। सोही गोली काण्ड तथा वडा अध्यक्षलाई कुटपिट गरेको घटनामा सङलग्न रहेको आरोपमा दुई जनालाई प्रहरीले गिरफ्तार गऱ्यो भने अन्य घटनाका आरोपितको खोजी कार्य भइरहेको प्रहरीले जनायो। वडा अध्यक्षलाई कुटपिट गरेको घटनाका १० जना आरोपितविरूद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको छ भने गोली लागी मृत्यु भएको घटनामा १७ जना विरूद्ध उजुरी परेको र उनीहरूको नाम सार्वजनिक गर्न नमिल्ने प्रहरीले जनाएको छ।

#### सप्तरी

वाइसीएल नेपाल राजविराज नपा-१ का सहसंयोजक २१ वर्षीय प्रेमकुमार यादवलाई ०७५ असोज २३ गते बिहान राजविराज नपा-११ का युवाहरूको समूहले गरेको आक्रमणबाट असोज २४ गते राति विराटनगरस्थित न्युरो अस्पतालमा मृत्यु भयो। शवको पोष्टमार्टम असोज २५ गते कोशी अञ्चल अस्पताल विराटनगरमा गरियो। पीडितका बुवा भन्नालाल यादवले जिल्ला प्रहरी कार्यालयमा दिएको उजुरीपछि हत्या आरोपमा प्रहरीले १७ वर्षीय बालकलाई असोज २८ गते र राजविराज नपा-११ का २० वर्षीय मिथलेशकुमार यादवलाई असोज ३१ गते गिरफ्तार गऱ्यो। मङ्सिर ४ गते बालक संरक्षकको जिम्मामा रिहा भए भने मिथिलेश पुर्पक्षका लागि कारगारमा थुनामा छन्।



*युवाहरूको समूहले आक्रमण गरी कुटपिट गर्दा मृत्यु भएका बाटवाइसीएल नेपालका सहसंयोजक प्रेमकुमार यादव*

#### धनुषा

कमला नपा-८ का २५ वर्षीय राजेश यादवलाई ०७५ साउन १८ गते बिहान अज्ञात पक्षले गोली प्रहार गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। यादवको शव जनकनन्दनी गाउँपालिका इनर्वा स्थित रेल्वे स्टेशन छेउमा साउन १८ गते बिहान फेला परेको थियो। रेल्वे लिकको छेउमा यादवको

शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। शवको पोष्टमार्टम जनकपुर अञ्चल अस्पतालमा गरियो। यादवको शरीरमा ३/४ राउण्ड गोली प्रहार गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनायो। यादवको टाउको र पेटमा गोली लागेको थियो। घटनास्थलबाट कटुवा पेस्तोल एक थान, तीन थान गोलीको खोका र एउटा मोटरसाइकल फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाका एसपी गोविन्द थपलियाले बताए। यादव भारतमा बस्दै आएका थिए। उनी साउन १८ गते बिहान नेपाल आएका थिए। घटना कसले र किन गराएको हो ? अनुसन्धान भइरहेको एसपी थपलियाले जनाकारी दिए।

## गोली विस्फोटक पदार्थद्वारा घाइते

### सिरहा

लहान नपा-१ का ४६ वर्षीय अनिल अग्रवाल ०७४ फागुन १० गते बम विष्फोटमा परी घाइते भए। लोकतान्त्रिक चोकस्थित उनकै पसल शुभलाभ किराना पसल अगाडि शक्तिशाली प्रेशरकुकर बम विस्फोट हुँदा अग्रवाल घाइते भएका थिए। घाइतेको लहानस्थित जयमाता दी पोलिक्लिनिकमा उपचार गरिएको थियो। इलाका प्रहरी कार्यालय लहानका डिएसपी गणेश चन्दले घटनास्थलमा तराईमा सशस्त्र गतिविधि गर्दै आएको जयकृष्ण गोइत समूहको पर्चा भेटिए पनि घटना सम्बन्धमा अनुसन्धान भइरहेको बताए।

लहान नपा-७ स्थित विकास ट्रेडर्स, सुनचाँदी पसलमा ०७४ चैत ९ गते शक्तिशाली कुकर बम विष्फोट भएको थियो। विष्फोटमा परी ८ जना घाइते भएका थिए। घाइते हुनेहरूमा लहान नपा-७ का ३८ वर्षीय विकाश ट्रेडर्सका सञ्चालक विकाश सारडा, ३३ वर्षीय राहुल सारडा, लहान नपा-९ की २१ वर्षीया अस्मिताकुमारी चौधरी, लहान नपा-७ की २१ वर्षीया विनिताकुमारी चौधरी, नवराजपुर गाउँपालिका-३ की २२ वर्षीया देवकुमारी यादव, उनका छोरा ७ वर्षीय सतिश यादव, लहान नपा-२१ की २० वर्षीया बबिता यादव र सप्तरी सुरूङ्गा नपा ६ की २३ वर्षीया मनितादेवी राम रहेका छन्।

घाइतेहरूको उपचार लहानको सप्तऋषी र रामकुमार उमा प्रसाद स्मारक अस्पतालमा गरिएको थियो। इलाका प्रहरी कार्यालय लहानका डिएसपी गणेश चन्दका अनुसार सुखिपुर नपा-५ का २३ वर्षीय इन्ददेव कामतीलाई वैशाख ९ गते गिरफ्तार गरिएको थियो । जिल्ला अदालतको आदेशमा आरोपित असार ५ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका छन।

### धनुषा

धनुषाधाम नपा-९ धरापानीकी ७० वर्षीया तिथिमाया तामाङ, ०७४ चैत २२ गते बिहान धारापानी आर्मी ब्यारेक नजिकै पान परागको बट्टामा राखिएको वस्तु विस्फोट हुँदा घाइते भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी प्रवीण धितालले बताए। उनको उपचार स्थानीय स्तरमासम्भव नभएपछि थप उपचार जनकपुर अञ्चल अस्पतालमा गरियो। उक्त विस्फोट कसले र किन गराएको हो ? हालसम्म खुल्न सकेको छैन।

## धम्की/कुटपिट

## राज्यबाट

### सप्तरी

राजविराज नपा-६ का २० वर्षीय विक्की राउतलाई ०७५ कात्तिक ९ गते जिल्ला प्रहरी कार्यालयको हिरासतमा ४० वर्षीय असई मोती महतोले यातना दिएको पीडितले आरोप लगाए। राजविराज नपा-६ की ४५ वर्षीया एकल महिला आशादेवी देवको हत्या आरोप स्वीकार्न दबाब दिँदै आरोपितले लाठी, लात, मुक्का र पाइपले छाति, पिठ्यूँ, पैतालालगायत शरीरका विभिन्न अङ्गमा कुटपिट गरेको पीडितले बताए। राजविराजस्थित गनासिं सगरमाथा अञ्चल अस्पतालमा कात्तिक १० गते साँझ उपचारार्थ भर्ना भएका राउतलाई अस्पतालले कात्तिक ११ गते डिस्चार्ज गर्‍यो। एसपी राजेन्द्र विष्टले यातना दिएकोबारे आफूलाई जानकारी नभएको र यातना दिनुपर्ने कारण नरहेको बताए भने आरोपित असई महतोले आफूले सोधपुछ गरेपनि कुटपिट नगरेको बताए।

### अन्यबाट

रूपनी गाउँपालिका-१ का ३३ वर्षीय राजु भनिने किरणकुमार जयसवाललाई ०७५ असोज २१ गते राति रूपनी गाउँपालिका-१ का वडा अध्यक्ष ३३ वर्षीय पिताम्बर यादवले ९८१९७२५०७८ नम्बरको मोबाइलबाट फोन गरी आफ्नो विरोधमा बोले, लेखे कुटेर देशनिकाला गर्ने धम्की दिए। पीडितले शान्ति सुरक्षाका साथै आवश्यक कारवाहीका लागि जिल्ला प्रशासन कार्यालयमा असोज २२ गते उजुरी दिए। गाउँपालिकामा भ्रष्टाचार भइरहेको भन्दै पीडितसहितका गाउँलेहरूले भ्रष्टाचार तथा बेथितीविरूद्धको सङ्घर्ष समिति गठन गरी भ्रष्टाचार विरूद्धको अभियान सञ्चालन गरिरहेका छन्। पीडित सो समितिका सचिव हुन्। आरोपितले दुवै तर्फबाट गालीगलौज भएपछि धम्की दिएको बताए।

## बाल अधिकार

## हत्या

### पर्सा

वीरगञ्ज मनपा-१५ भिषूवाकी १६ वर्षीया नेहा वर्णवालको ०७४ फागुन १३ गते हत्या गरेको अरोपमा जिल्ला

प्रहरी कार्यालय पर्साले चैत १४ गते ४९ वर्षीय बाबु सत्यनारायण वर्णवाल र ३० वर्षीय आमा गीताकुमारी वर्णवाललाई गिरफ्तार गऱ्यो। प्रहरीका अनुसार वर्णवाल दम्पतिले छोरी नेहाको हत्या गरी भारतमा लगेर सद्गत गरेका थिए। वर्णवाल दम्पतिले भारतीय एम्बुलेन्समा छोरीको शव राखी भारत रक्सौलमा पुऱ्याई शव जलाउन लगाएका थिए। एक जनालाई ६ हजार रुपियाँ भुक्तानी दिएर शव जलाउन लगाएको अनुसन्धानको क्रममा खुलेको जिल्ला प्रहरी कार्यालय पर्साका एसपी डा.गणेश रेग्मीले बताए । पर्सा जिल्ला अदालतले सत्यनारायणलाई वैशाख ८ गते पूर्पक्षका लागि जेल चलानको आदेश गऱ्यो भने पत्नी गीतालाई ५० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा गर्ने आदेश गऱ्यो।

### बलात्कारपछि हत्या

**धनुषा**

औरही गाउँपालिका-२ की १० वर्षीया मनिताकुमारी यादवको सामूहिक बलात्कारपछि हत्या भएको अवस्थामा धान खेतमा०७५ असोज २७ गते शव फेला परेको जिल्ला प्रहरी कार्यालयका डिएसपी दिपेन्द्र शाहीले बताए। दुर्गा पूजाको मेला हेर्न गएकी बालिका असोज २६ गते साँझदेखि हराएकी थिइन्। घटनामा संलग्न भएको आरोपमा प्रहरीले औरही गाउँपालिका-५ का ३२ वर्षीय विनोद मुखिया र सोही गाउँपालिका-३ का ३० वर्षीय नथुनी पण्डितलाई असोज २७ गते गिरफ्तार गरेको डिएसपी शाहीले बताए। अनुसन्धानका क्रममा विनोद मुखियाले पैसा दिएर बालिकालाई फकाएको खुलेपछि उनलाई गिरफ्तार गरेको डिएसपी शाहीले बताए। मुखियाको बयानपछि नथुनी पण्डितलाई पनि प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरीका अनुसार आरोपित दुवै जनाले आरोप स्वीकार गरेका छन्। शवको पोष्टमार्टम जनकपुर अञ्चल अस्पतालमा असोज २७ गते गरिएयो। पीडित पक्षले असोज २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए।

**महोत्तरी**

औरही नगरपालिका-१ स्थित बजारबाट आठ महिने दुधे शिशु बालिका सोनाली चौधरीलाई०७५ भदौ १० गते अपहरण गरी लगेर बलात्कार पश्चात हत्या गरेको आरोपमा भङ्गहा नपा-३ हतिसर्वा गाउँ बस्ने २६ वर्षीय भरत साहलाई ०७५ कात्तिक ३ गते गिरफ्तार गरेकोमा जिल्ला अदालत महोत्तरीको ०७५ मङ्सिर २ गतेको आदेशले पुर्पक्षको लागि जेल चलान भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। पीडित पक्षले भदौ ११ गते जिल्ला प्रहरी कार्यालय जलेश्वरमा उजुरी दिएको थियो। मृतकको पोष्टमार्टम जिल्ला अस्पताल जलेश्वरमा भदौ ११ गते नै गरिएको थियो।

### एसिड आक्रमणमा मृत्यु

**रौतहट**

कीर्तिपुर अस्पतालको आइसीयू कक्षको बेड नम्बर पाँचमा उपचाररत एसिड आक्रमणबाट घाइते भएकी रौतहट चन्द्रपुर नपा-६, ठोक टोलकी १७ वर्षीया सम्झना दासको ०७५ असोज ७ गते राति उपचारको क्रममा मृत्यु भयो। भदौ २६ गते राति सुतिरहेको अवस्थामा दास एसिड आक्रमणमा परी घाइते भएकी थिइन्। उपचारमा संलग्न चिकित्सकका अनुसार सम्झनाको शरीर ३५ प्रतिशत भन्दा बढी जलेको थियो। यस्तो अवस्था चिकित्सकीय भाषामा 'मेजर बर्न' भनिन्छ। उपचारमा संलग्न सुरेन्द्रजङ्ग बस्नेतका अनुसार सम्झनाको अनुहार, टाउको, छाति, ढाड, हातलगायतका अङ्ग जलेका थिए। सम्झनाकी बहिनी १५ वर्षीया सुस्मिताको भने अवस्था सामान्य बन्दै आएको छ। घाइते भएका दुवै जनालाई रौतहटको चन्द्रपुर अस्पतालमा प्राथमिक उपचारपछि थप उपचारका लागि काठमाडौँ लगिएको थियो। मृतक सम्झनाको असोज ८ गते त्रिवि शिक्षण अस्पतालमा पोष्टमार्टम गरी शव परिवारको जिम्मा लगाइएको अस्पतालले जनायो। खाना खाएर एउटै ओछ्यानमा सुतिरहेका दिदीबहिनी माथि राति १२ बजे उनीहरूकै ४५ वर्षीय छिमेकी रामबाबु पासवानले एसिड आक्रमण गरेको पीडतका बुवा जादोलाल दासले आरोप लगाएका छन्। पीडित परिवारले दिएको किटानी उजुरीका आधारमा रामबावुलाई असोज १ गते कीर्तिपुर अस्पताल परिसरबाट गिरफ्तार गरी असोज २ गते रौतहट प्रहरीले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको थियो। आरोपित पासवान जिल्ला अदालत रौतहटको ०७५ असोज २३ गतेको आदेश अनुसार पुर्पक्षका लागि थुनामा छन्।

यसैबिच तेजाव प्रहारबाट मृत्यु भएकी सम्झनाकुमारी दासका परिवारलाई प्रदेश सरकारले ४ लाख रुपियाँ दिने घोषणा गरे अनुसार असोज १० गते १ लाख रुपियाँ प्रदान गरिएको छ। मुख्यमन्त्री लालबाबु राउतले मृतक सम्झनाका बुवा जादोलाल दासलाई १ लाख रुपियाँको चेक हस्तान्तरण गरे।

### बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

**सप्तरी**

६ वर्षीया बालिकालाई ०७५ असार ३० गते पीडितका २५ वर्षीय काकाले बलात्कार गरेको भन्दै पीडितका बुवाले साउन ४ गते इलाका प्रहरी कार्यालय कञ्चनरूपमा उजुरी दिए। पीडितका बुवाले दिएको उजुरी साउन ५ गते दर्ता गरिएको प्रहरीले जनायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा साउन ५ गते गरियो। आरोपित हालसम्म गिरफ्तार भएका छैनन्।

दुई वर्षीया बालिकालाई बलात्कार गरेको कसुरमा १२ वर्षीय बालकलाई जिल्ला अदालतले ०७५ असोज २ गते तीन महिनाको कैद सजाय गरी कैद स्थगनको फैसला गरेको छ। न्यायाधीश हरिश्चन्द्र ढुङ्गानाको इजलासले आरोपित बालकलाई तीन महिनाको कैद सजाय गरी कैद स्थगनको फैसला गर्नुका साथै पीडितलाई आरोपितबाट ७ हजार रुपियाँ क्षतिपूर्ति दिनुपर्ने फैसला गरेको स्रेस्तेदार दिलकुमार बर्देवाले जानकारी दिए। आरोपितबाट एक वर्षभित्र कैद सजाय हुने अन्य अपराध प्रमाणित भएमा मात्र उक्त कैद सजाय गाभिने गरी स्थगनको फैसला गरिएको न्यायाधीश ढुङ्गानाले बताए। पीडित बालिकालाई आरोपितले ०७४ फागुन ३ गते बलात्कार गरेको आरोप लगाउँदै पीडितका अभिभावकले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा उपचारार्थ लगिएकी पीडित बालिकाको स्वास्थ्य परीक्षण सोही अस्पतालमा ०७४ फागुन ३ गते गरिएको थियो। पीडितका अभिभावकले दिएको उजुरी ०७४ फागुन ४ गते जिल्ला प्रहरी कार्यालयले दर्ता गरेको थियो। उजुरीकर्ता र प्रहरीले आरोपितको उमेर १७ वर्षको भनी उजुरी दर्ता गर्दै नाम सार्वजनिक गर्दै आएकामा इन्सेकले सुरूदेखि नै आरोपित बालक लेख्दै नाम, ठेगाना गोप्य राखेको थियो। आरोपित बालकले अदालतसमक्ष आफू बालक रहेको दावी गरेपछि अदालतले जाँचका लागि ०७४ फागुन २३ गते विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाएकोमा प्रतिष्ठानले आरोपितको उमेर ११ देखि १२ को बीचमा रहेको जनाएपछि न्यायाधीश ढुङ्गानाको इजलाशले ०७४ चैत १५ गते आरोपित बालकलाई संरक्षकको जिम्मा लगाएको थियो।

**सिरहा**

१३ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा १५ वर्षीय बालकविरूद्ध पीडित परिवारले जिल्ला प्रहरी कार्यालय सिरहामा ०७५ वैशाख २५ गते उजुरी दिए। पीडित परिवारका अनुसार आरोपित बालकले बालिकालाई ललाईफकाई गत माघ महिनादेखि पटकपटक बलात्कार गर्दा गर्भसमेत रहेकाले कारवाहीको लागि उजुरी दिएको बताए। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल सिरहामा वैशाख २५ गते गरिएको थियो। जिल्ला प्रहरी कार्यालय सिरहाका इन्स्पेक्टर बिरेन्द्र ठाकुरका अनुसार आरोपित बालकलाई वैशाख २५ गते गिरफ्तार गरी आवश्यक कानुनी प्रकृया अगाडि बढाएको बताए। जिल्ला अदालतको आदेशमा आरोपित जेठ १८ गते देखि बाल सुधार गृह विराटनगरमा रहेका छन्। जिल्ला अदालतको आदेशमा आरोपितलाई असार ३१ गते ६ महिना कैदको फैसला सुनाइएको छ।

**धनुषा**

१२ वर्षीया बालिकालाई ०७५ भदौ ८ गते जनकनन्दनी गाउँपालिका-२ का २३ वर्षीय किरण खत्वेले बलात्कार गरेको भन्दै पीडित पक्षले भदौ ९ गते इलाका प्रहरी कार्यालय खजुरीमा उजुरी दिए। बलात्कारको घटनापछि बालिकालाई स्वास्थ्य परीक्षणको लागि इलाका प्रहरी कार्यालय खजुरीले भदौ ९ गते जनकपुर अञ्चल अस्पताल पुर्‍याएकोमा ११ दिनपछि दिएको रिपोर्टमा स्वास्थ्य परीक्षणमा संलग्न नेपाल मेडिकल काउन्सिलले जनकपुर अञ्चल अस्पतालका चिकित्सक डा. विजय सिंह र रम्भा गोइतले बालिकालाई स्वास्थ्य परीक्षणमा भेजिना नर्मल र ह्युमेन नर्मल उल्लेख गरेको रिपोर्ट दिएको थियो। प्रहरीलाई चित नबुझेपछि भदौ २५ गते जिल्ला अस्पताल सिरहामा बालिकाको पुनः स्वास्थ्य परीक्षण गराएको थियो। जसमा सिरहा जिल्ला अस्पतालका डा. राकेशकुमार सिंहले गरेको स्वास्थ्य जाँचमा पीडित बालिकाको गाला र ओठमा 'बाइट मार्क', 'भेजिना क्नगेसन' र 'ह्युमेन रूप्टुरेड' देखाएको रिपोर्ट दिएको थियो। बलात्कार घटना पश्चात् भारत भागेका आरोपित खत्वे पैसा लिन घर फर्केको बेला प्रहरीले भदौ ९ गते नै गिरफ्तार गरेको थियो। आरोपित खत्वेलेसमेत आफूले बालिकालाई बालत्कार गरेको कुरा स्वीकारेको भिडियो समेत प्रहरीले सुरक्षित राखेको जनाएको छ।

बालिकालाई बलात्कार भएको पुष्टि गरेको सिरहा अस्पताल र बलात्कार नभएको पुष्टि गरेको अञ्चल अस्पतालको स्वास्थ्य परीक्षण रिपोर्ट र अभियुक्तले स्वीकारेको बयानको भिडियोसहित सरकारी वकिल कार्यालयमार्फत इलाका प्रहरी खजुरीले जिल्ला अदालत धनुषामा असोज ४ गते मुद्दा समेत दायर गर्‍यो। सरकारी वकिलको कार्यालय धनुषाले गलत रिपोर्ट दिने जनकपुर अञ्चल अस्पतालका दुवै चिकित्सकलाई कारवाही गर्न स्वास्थ्य मन्त्रालय, नेपाल मेडिकल काउन्सिल, गृह मन्त्रालय, महान्यायाधिवक्ता कार्यालय र प्रहरी प्रधान कार्यालयलाई पत्र पठाएर कारवाहीको माग गर्‍यो। मेडिकल काउन्सिलका प्रवक्ता डा.कृष्णप्रसाद अधिकारीले डाक्टरद्वय गोइत र सिंहले पीडित बालिकाको शारीरिक जाँच गर्दा न्यूनतम चिकित्सकीय आचरण तथा व्यवहार विपरीत मेडिकल रिपोर्ट दिएको ठहर गर्दै व्यावसायिक प्रमाणपत्र निलम्बन गरी चिकित्सकीय गतिविधिबाट रोक लगाएको जनायो। काउन्सिलका सदस्य डा. कालुसिंह खत्रीको संयोजकत्वमा फरेन्सिक विशेषज्ञ प्रा.डा. हरिहर वस्ती, प्रसूति तथा स्त्री रोग विशेषज्ञ डा. मधु तुम्बाहाम्फे र स्वास्थ्य मन्त्रालयका कानुन उपसचिवसहितको छानबिन समितिले असोज २३ गते बुझाएको प्रतिवेदन तथा व्यावसायिक आचरण समितिको सिफारिस उपर बहस छलफल भएर उक्त निर्णय गरिएको जनाएको थियो।

**बारा**

१० वर्षीया बालिकालाई २०७४ फागुन ७ गते बलात्कार गरेको आरोपमा आदर्श कोतवाल गाउँपालिका-३ का ३७ वर्षीय नागेन्द्र भनिने राजेन्द्र साह तेलीलाई फागुन ७ गते नै प्रहरीले गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण तथा उपचार कलैया अस्पतालमा फागुन ७ गते गरियो। पीडित पक्षले फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको थियो । जिल्ला अदालतको ०७४ चैत ४ गतेको आदेशले आरोपित पुर्पक्षको लागि वीरगञ्ज कारागार चलान भएका छन्।

## महिला अधिकार

### बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

**सप्तरी**

७० वर्षीया बृद्धालाई ०७५ असोज १६ गते खडक नपा-८ का ४० वर्षीय रोहित सदाले बलात्कार गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय कल्याणपुरमा असोज १७ गते दिएको उजुरी सोही दिन दर्ता भयो। पीडित बृद्धाको स्वास्थ्य परीक्षण लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा असोज १७ गते गरियो। आरोपित हालसम्म गिरफ्तार भएका छैनन्।

**पर्सा**

५० वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा वीरगञ्ज मनपा-१८ का २७ वर्षीय कृष्ण साहविरूद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०७५ कात्तिक १२ गते दिएको उजुरी कात्तिक १८ गते दर्ता भयो। पीडित महिलालाई आरोपितले कात्तिक ३ गते बलात्कार गरेको भन्दै पीडितले दिएको उजुरी लिएर अनुसन्धान सुरू गरेको जिल्ला प्रहरी कार्यालय पर्साका एसपी रेवती ढकालले जानकारी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा कात्तिक १३ गते गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनायो। आरोपित फरार रहेकाले खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

## परिवारजनबाट हत्या

**सिरहा**

भगवानपुर गाउँपालिका-१ की ७६ वर्षीया कौशिलादेवी पौडेलको ०७५ वैशाख २८ गते ३५ वर्षीय छोरा धिरज पौडेलले हत्या गरेको आरोपमा इलाका प्रहरी कार्यालय लहानमा वैशाख २९ गते पीडित पक्षले उजुरी दियो। घरायसी विवादमा आरोपितले आमालाई ढोकामा लगाउने आग्लोले टाउकोमा हिर्काउँदा घटनास्थलमै मृत्यू भएको मृतकको माइलो छोरा प्रमोद पौडेलले बताए। शवको पोष्टमार्टम लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा वैशाख २९ गते भएको थियो। इलाका प्रहरी कार्यालय लहानका डिएसपी गणेश चन्दका अनुसार आरोपितलाई वैशाख २९ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको असार ३१ गतेको आदेशले जन्म कैदको फैसला सुनाएको छ। जिल्ला अदालतको आदेशमा आरोपित जेठ २१ गते देखि पुर्पक्षका लागि थुनामा रहेका थिए।

**धनुषा**

काठमाडौँको नासा कलेजमा कक्षा १२ मा अध्ययनरत १९ वर्षीया छोरी स्नेहाकुमारी यादवलाई ०७४ फागुन ८ गते हत्या गरी भारत लगेर अन्त्येष्टी गरेको आरोपमा प्रहरीले सहिदनगर नपा-७ का ४६ वर्षीय बाबु दिलीपकुमार यादव र विदेह नपा-५ गिद्धावेलापट्टिका ४० वर्षीय राधेश्याम गोइतलाई प्रहरीले ०७४ फागुन २६ गिरफ्तार गर्‍यो। जिल्ला अदालतको ०७४ चैत २३ गतेको आदेशमा आरोपितहरू पुपर्क्षका लागि थुनामा छन्। घटनामा संलग्न रहेको आरोप लागेकी मृतककी आमा फारार रहेको प्रहरीले जनायो। पीडित पक्षले फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो।

लक्ष्मीनिया गाउँपालिका-४ सपहीकी २४ वर्षीय रूवी ठाकुरलाई ०७५ कात्तिक ९ गते २७ वर्षीय पति सञ्जय यादवले कुटपिट गरेर बेहोस् भएको अवस्थामा छाडेर भागेपछि मृत्यु भएको इलाका प्रहरी कार्यालय धनुषा महेन्‍ नगरले जनायो। कुटपिटबाट गम्भीर घाइते भएकी पत्नीलाई छाडेर डाक्टर बोलाउन गएका पति सञ्जयले डाक्टरलाई बोलाएर सम्पर्कविहीन भएका थिए । घाइतेको उपचारका क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय महेन्‍ नगरका इन्स्पेक्टर अरूण कुशवाहाले बताए। स्थानीयबासीका अनुसार विगत तीन दिनदेखि पतिपत्नी बिचमा विवाद हुँदै आएको र सोही क्रममा सञ्जयले रूवीलाई कुटपिट गर्दा मृत्यु भएको हो । रूवीका माइती पक्षले आफ्नो छोरीको छातीमा ढुङ्गा प्रहार गरी हत्या गरेको भन्दै



*परिवारका सदस्यहरूको कुटपिटबाट मृत्यु भएकी ज्ञान्तीदेवी यादव*

कात्तिक १३ गते इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उजुरी दियो। मिथिला विहारी नपा-७ तारापट्टी सिरसिया बस्ने रामप्रगास ठाकुरकी छोरी रूवीको ६ वर्षअघि सामाजिक परम्परा अनुसार आफ्नै जातमा सर्लाहीको कविलासाका सञ्जय ठाकुरसँग विवाह भएको थियो। तर, त्यसको एकवर्ष नवित्दै रूवीले धनुषाको लक्ष्मीनिया गाउँपालिका-४ सपहीका सञ्जय यादवसँग अन्तर्जातीय प्रेम विवाह गरेकी थिइन्। सोही कारण रूवीको माइतीसँग सम्बन्ध चिसिएको र आवतजावतसमेत बन्द भएका बेलामा रूवीको हत्या भएको मृतकका भाइ विनोद ठाकुरले बताए। शवको पोष्टमार्टम जनकपुर अञ्चल अस्पतालमा कात्तिक १० गते गरी परिवारजनलाई बुझाइएको प्रहरीले जनायो। घटनाका आरोपित फरार छन्। घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### पर्सा

सखुवा प्रसौनी गाउँपालिका-५ बलुवाकी २० वर्षीया ज्ञान्तीदेवी यादवलाई कुटपिट गरी ०७४ चैत २ गते हत्या गरेको आरोपमा ५० वर्षीय ससुरा रामबालक प्रसाद यादवविरूद्ध पीडित पक्षले चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरायो। मृतक ज्ञान्तीदेवीका बुवा बहुदरामाई नपा-१ विश्रामपुरका ४८ वर्षीय पारस राउत अहिरले जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दिएका थिए। आरोपित यादवलाई चैत ३ गते गिरफ्तार गरी घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी राजन लिम्बुले बताए। दिउँसो १२ बजेतिर ज्ञान्तीदेवीलाई परिवारका सदस्यहरूले मिलेर कुटपिट गरी हत्या गरेको पीडित पक्षको आरोप छ। मृतकका २५ वर्षीय पति रामबाबु यादव भने फरार रहेका छन्। शवको पोष्टमार्टम वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा चैत ३ गते गरिएको प्रहरीले जनाएको छ। पर्सा जिल्ला अदालतको चैत २० गतेको आदेशले आरोपित पूर्पक्षका लागि जेल चलान गरेको छ।

## सबै प्रकारका जातीय विभेद

### सर्लाही

विष्णु गाउँपालिका-२ का ३४ वर्षीय अजय रामलाई पानी छोएको आरोपमा जातीय विभेद गरेको भन्दै सोही वडाका वडा अध्यक्ष ४५ वर्षीय सञ्जय साहविरूद्ध पीडितले साउन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले कात्तिक २५ गते उजुरी दर्ता गरेको छ। टेबुलमाथि राखेको जगको पानी पीडित रामले खाइरहेको देखेपछि वडा अध्यक्ष साहले-'चमार जाति भएर यहाँको पानी किन खाएको ?, पानीलाई छोएर अपवित्र पारिस' भनी गालीगलौज गर्दै हातपात गरेर कार्यालयबाट बाहिर निकालेको पीडितको आरोप छ। नेपाल सरकारले दलित बालबालिकालाई कुपोषणबाट जोगाउन प्रत्येक महिना पोषण भत्ता दिने गर्दछ। आफ्नो चार वर्षीय छोराको दलित पोषण भत्ता बुझ्न साउन २७ गते वडा कार्यालय जाँदा अफूमाथि जातीय विभेद भएको रामले बताए। जिल्ला प्रहरी कार्यलयका एसपी पोषराज पोखरेलका अनुसार घटनाको उजुरी आएकाले अनुसन्धान भइरहेको छ।

### महोत्तरी

भङ्गहा नपा-९, हरिनमरीका सिकिन्दर मलिक डोमका १२ वर्षीय छोरा मुकेशलाई किशोरी जनता माविले ०७५ असोज १६ गते निष्काशन गरेको पीडित पक्षले आरोप लगाएको छ । कक्षा ७ का मुकेशले आफूलाई प्रधानाध्यापक मनोहरप्रसाद यादवले निष्काशन गरेको आरोप लगाएका छन्। आफूलाई विद्यालय परिसरमा छरिएको फोहर सफा नगरेको निहुँमा निष्काशन गरिएको पीडितको भनाई छ। पीडित मुकेशले भने-'विद्यालयमा असोज १० गते लेखापाल राकेश यादवको हजुरआमाको क्रियाभोज आयोजना गरिँदा फ्याँकिएको, छरिएको फोहोर सफा नगरेको भन्दै निष्काशन गरियो।' कक्षा ७ कै मुकेशका सहपाठी ऋतिकरोशन दासका अनुसार प्रअ यादवले उनलाई हप्काएर विद्यालय नआउनु भन्दै निकालेका थिए। मुकेशका आमाबाबुले पनि आफूहरूलाई दलित (डोम) समुदायको जातको भनेर प्रअले हेपेको आरोप लगाए । पिता सिकिन्दरले आफूलाई पनि प्रअले बारम्बार फोहर सफा गर भन्दै हप्काएको बताए। असोज १० गते विद्यालय नै बन्द गरेर परिसरमा खुवाइएको भोजको जुठो पात डोम भएकै कारण आफ्नो छोरालाई सफा गर्न लगाइएको उनका पिताको भनाई छ। विद्यालयबाट निष्काशित मुकेश आफूमाथि अन्याय भएको भन्दै न्यायको लागि असोज २३ गते जिल्ल प्रहरी कार्यालय महोत्तरीमा उजुरी दर्ता गराए। घटनाबारे अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

इन्सेक insec

*मानवअधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**प्रदेश २ द्वारा प्रकाशित**

**संयोजन/सम्पादन** : राजु पासवान

**विशेष सहयोगी** : जागेश्वर यादव, **फोटो** : इन्सेक जिल्ला प्रतिनिधि

जनकपुरधाम उमनपा–८, पिडारी चोक

**Email:** janakpur@insec.org.np , **Website:** insec.org.np